# गेरुवा गाउँपालिका

# २०७४

## सत्रौं कार्यपालिका बोर्ड बैठक

**७ चैत्र, २०७४**

| | | |
|---|---|---|
| गाउँपालिका | : | गेरुवा गाउँ कार्यपालिकाको कार्यालय |
| स्थान | : | पशुपतिनगर,बर्दिया |
| प्रदेश | : | ५ नं. प्रदेश, नेपाल |

**आज मिति २०७४ साल चैत्र ७ गतेका दिन गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमानसिंह के.सी.ज्यूको अध्यक्षतामा कार्य पालिकाको सत्रौं बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ।**

**उपस्थिति**

| | | | |
|---|---|---|---|
| श्री जमान सिंह के.सी. | - | अध्यक्ष | सभाध्यक्ष |
| श्री हिमा कुमारी थरुनी | - | उपाध्यक्ष | सदस्य |
| श्री दयाराम बैद्य थारु | - | वडाअध्यक्ष, वडानं. १ | ,, |
| श्री आलोक कुमार थारु | - | वडाअध्यक्ष, वडानं. २ | ,, |
| श्री पुनाराम थारु | - | वडाअध्यक्ष, वडानं. ३ | ,, |
| श्री बल बहादुर चलाउने | - | वडाअध्यक्ष, वडानं. ४ | ,, |
| श्री धर्म प्रकाश थारु | - | वडाअध्यक्ष, वडानं. ५ | ,, |
| श्री टेक बहादुर चौधरी | - | वडाअध्यक्ष, वडानं. ६ | ,, |
| श्री शान्ती चौधरी | - | सदस्य | ,, |
| श्री राजु बडुवाल खत्री | - | सदस्य | ,, |
| श्री चन्द्ररुपा कामी | - | सदस्य | ,, |
| श्री मोवीला शर्मा पौडेल | - | सदस्य | ,, |
| श्री लक्षिण बहादुर नेपाली | - | सदस्य | ,, |
| श्री बम बहादुर वि क. | - | सदस्य | ,, |
| श्री भीम बहादुर खत्री | - | कार्यकारी अधिकृत | सदस्य सचिव |

**प्रस्तावहरु**

**१ माशिक तथा चालु योजनाहरुको प्रगति समिक्षा सम्बन्धमा**

**२ बिषयगत समितिहरु परिचालित भई आगामी बर्षका लागि योजना प्रस्ताव गरी पेश गर्ने सम्बन्धमा**

**३ गाउँपालिकाबाट निर्माण हुने थप ऐन/नियमहरु (एकिकृत सम्पत्ति ऐन/नियम, सार्वजनिक खरिद ऐन/नियम, स्थानीय शिक्षा ऐन/नियम लगायत)निर्माण गरी गाउँसभाबाट स्वीकृत गराउने सम्बन्धमा**

**४ गाउँपालिका भवन र वडा कार्यालय भवनहरु निर्माण गर्ने सम्बन्धमा**

**५ सडक गुरु योजना, कृषि गुरु योजना र पर्यटन गुरु योजना निर्माण गर्ने सम्बन्धमा**

**६ बिबिध**

**(क) दोश्रो गाउँसभा तयारी सम्बन्धमाः-**

**(ख) कर्मचारी व्यवस्थापन तथा परिचालन सम्बन्धमा**

**(ग) नियमित बोर्डबैठक बस्ने सम्बन्धमा**

## निर्णयहरु :-

**१ माशिक तथा चालु योजनाहरुको प्रगति समिक्षा सम्बन्धमा**

प्रस्ताव नं. १ माथी छलफल गर्दा माशिक तथा चालु योजनाहको समिक्षा गरियो । विभिन्न प्राविधिक कारणवश ढिला गरी शुरु भएका भौतिक विकाशका योजनाहरु समयमै सम्पादन गर्न सकृय पूर्वक योजना परिचालन, अनुगमन र प्राविधिक पहुंच/परिचालनमा तिब्रता ल्याउने निर्णय गरियो ।

**२ बिषयगत समितिहरु परिचालित भई आगामी बर्षका लागि योजना प्रस्ताव गरी पेश गर्ने सम्बन्धमा**

प्रस्ताव नं. २ माथी छलफल गर्दा २०७४/१२/२२ गते सम्पन्न हुने गेरुवा गाउँपालिकाको दोश्रो गाउँसभाबाट आगामी बर्ष सञ्चालन हुने महत्वाकांक्षी योजनाहरुको प्रस्ताव गरी पेश गर्नका लागि टोल भेला, वडा भेला र वडा कार्यपालिका समेतबाट अनुमोदन गरी **एकिकृत बजेत तथा कार्यक्रम तर्जुमा समिति** मार्फत गाउँसभामा पेश गर्ने र गाउँसभाबाट स्वीकृत हुनु पर्ने थप अत्यावश्यक ऐन नियमहरु निर्माण गरी स्वीकृतिका लागि पेश गर्न प्रताव तयार पारी बिधायन समिति मार्फत कार्यपालिकामा पेश गर्ने गरी सवै विषयगत समितिहरु सकृय पूर्वक परिचालन हुने निर्णय गरियो ।

**३ गाउँपालिकाबाट निर्माण हुने थप ऐन/नियमहरु (एकिकृत सम्पत्ति ऐन/नियम, सार्वजनिक खरिद ऐन/नियम, स्थानीय शिक्षा ऐन/नियम लगायत)निर्माण गरी गाउँसभाबाट स्वीकृत गराउने सम्बन्धमा**

**प्रस्ताव नं.३** माथी छलफल गर्दा **एकिकृत सम्पत्ति ऐन/नियम, सार्वजनिक खरिद ऐन/नियम, स्थानीय शिक्षा ऐन/नियम** लगायतका ऐन/नियमहरुका प्रस्तावहरुमा बिधायन समितिबाट छलफल/परिमार्जन गरी गाउँ कार्यपालिका कार्यालय मार्फत स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**४ गाउँपालिका भवन र वडा कार्यालय भवनहरु निर्माण गर्ने सम्बन्धमा**

**प्रस्ताव नं. ४** माथी छलफल गर्दा गेरुवा गाउँपालिकाको प्रशासकीय भवन, १ नं. वडा कार्यालय र ३ नं. वडा कार्यालय भवन निर्माणका लागि तपशिल वमोजिमको सरकारी आवादी जग्गा छनौट गर्ने निर्णय गरियो ।

**तपशिल :**

१ पूर्वमा मूल सडक, पश्चिममा स्थानीय सडक, उत्तरमा स्थानीय सडक र दक्षिणमा पशुपति मा वि को कम्पाउण्ड पर्खाल यि चार किल्ला भित्र रहेको सावीक पशुपतिनगर गा.वि.स. भवन रहेको अं.०-१३-० विगाहा क्षेत्रफल रहेको सरकारी जग्गामा गाउँपालिका प्रशासकीय भवन निर्माण गर्ने ।

२ पूर्वमा झवही कुलो, पश्चिममा ग्राभेल बाटो, उत्तरमा अर्जुन थारुको घर र दक्षिणमा किरण जंग शाह र लक्ष्मण बैश्य को घर यि चार किल्ला भित्र रहेको गेरुवा गाउँपालिका वडा नं. ३ शान्तिबजारको पशु सेवा उपकेन्द्रको परिशर भित्र रहेको ०-५-० जग्गामा ३ नं. वडा कार्यालयको भवन निर्माण गर्ने निर्णय गरियो ।

३ पूर्वमा बुढिखोला किनाराको सडक, पश्चिममा गाउँ विचको सडक, उत्तरमा बिद्यालय तर्फ जाने मूल सडक र दक्षिणमा उत्तर दक्षिण सडक यि चारकिल्ला भित्रको करीव १-१०-० क्षेत्रफल रहेको सार्वजनिक/सरकारी आवादी जग्गा संरक्षण गर्दै उत्तर-पूर्वी किनाराको ०-५-० विगाहा क्षेत्रफलमा १ नं.वडा कार्यालय भवन निर्माण गर्ने ।

उपरोक्त प्रस्तावीत सरकारी जग्गाहरुमा सरकारी भवनहरु निर्माण गर्नका लागि सम्भाव्यता अध्ययन/अनुसन्धान, नक्शाङकन, लागत अनुमान गराई प्रतिस्पर्धात्मक/टेण्डर प्रकृया पूरा गरी भवन निर्माण कार्य सम्पादन गर्न कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**५ सडक गुरु योजना, कृषि गुरु योजना र पर्यटन गुरु योजना निर्माण गर्ने सम्बन्धमा**

प्रस्तावनं.५ माथी छलफल गर्दा गेरुवा गाउँपालिका क्षेत्रलाई व्यवस्थित गर्नका लागि नीति तथा गुरुयोजनाहरु वनाई व्यवस्थित रुपमा विकाश गर्दै समृद्ध गाउँपालिका निर्माण गर्न मद्दत पुग्ने गरी सडक गुरु योजना, कृषि गुरु योजना र पर्यटन गुरु योजना निर्माण गर्नका लागि सूचिकृत संस्थाहरु मध्येबाट रित पुऱ्याई परामर्श सेवा रकमबाट खर्च लेख्ने गरी सम्बन्धित बिषय विज्ञको संलग्नतामा गुरु योजना निर्माण गर्ने निर्णय गरियो ।

**६ बिबिध**

**(क) दोश्रो गाउँसभा तयारी सम्बन्धमाः-**

(क) गेरुवा गाउँपालिकाको दोश्रो गाउँसभा मिति २०७४ चैत्र २२ गते नै सफलता पूर्वक सम्पन्न गराउन सवै क्षेत्रबाट तयारी पूरा गर्न तयारी समितिलाई सकृय वनाउने र तयारी समितिको संयोजकमा सूचना प्रविधि अधिकृत श्री प्रकाश शर्मालाई तोक्ने निर्णय गरियो ।

**(ख) कर्मचारी व्यवस्थापन तथा कर्मचारी परिचालन सम्बन्धमाः-**

(ख) प्राविधिक कर्मचारीहरु र बिषयगत शाखाका कर्मचारीहरु साथै वडा सचिव तथा सहायक कर्मचारीहरुको अभावमा कार्य सम्पादनमा समस्या परेकोले स्वीकृत कार्यक्रम र विनियोजित बजेटको परिधिमा रहि TOR,नर्म्स स्वीकृत गरी ७ दिने सूचना प्रकाशित गरी सो सूचनामा निर्दिष्ट प्रकृया पूरा गरी दैनिक ज्यालादारीमा कामकाज लगाउने निर्णय गरियो ।

**(ग) नियमित बोर्ड बैठक बस्ने सम्बन्धमाः-**

(ग) नयाँबर्ष-२०७५ को सुखद उपलक्षमा सवैमा हार्दिक शुभ कामना आदान प्रदान गर्ने र यस गाउँ कार्यपालिकाको बोर्डको नियमित १८ औं बोर्ड बैठक आगामी २०७५ साल बैशाख ७ गते दिनको २ बजे बस्ने निर्णय गरियो ।